# लिखु तामाकोशी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

धोबी बजार, रामेछाप।

## स्थानीय राजपत्र

खण्डः ९ संख्याः २ मितिः२०८२/०३/१०

**भाग-१**

लिखु तामाकोशी गाउँपालिका

# विनियोजन ऐन,२०८२

नेपालको संविधान, स्थानीय सरकार संञ्चालन ऐन, २०७४ बमोजिम गाउँसभाले बनाएको तल लेखिएको बमोजिम ऐन सर्बसाधारणका लागि प्रकाशन गरिएको छ।

## संवत् २०८२ सालको ऐन नं. ०२

## लिखु तामाकोशी गाउँपालिकाको विनियोजन ऐन, २०८२

गाउँसभावाट स्वीकृत मितिः२०८२/०३/१० गते

प्रकाशित मितिः २०८२/०३/१९ गते

लिखु तामाकोशी गाउँपालिकाको विनियोजन ऐन गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को सेवा, कार्यक्रम र योजनाहरूका लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन ऐन, २०८२

**प्रस्तावनाः**

लिखु तामाकोशी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को सेवा, कार्य र योजनाहरूका लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो बराबरको रकम विनियोजन गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम लिखु तामाकोशी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम लिखु तामाकोशी गाउँपालिकाको विनियोजन ऐन २०८२ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

२. **आर्थिक वर्ष २०८२/०८३ का निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८२/०८३ का निम्ति गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा प्रभाव र कार्यहरूका लागि अनुसूची-१ मा उल्लेखित नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदानहरू, चालु खर्च, पुँजिगत खर्च, सामाजिक सुरक्षा अनुदान, आ.व. २०८२/०८३ मा सञ्चालित आयोजन तथा कार्यक्रमहरूको भुक्तानी दिन बाकी विवरण र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा **रू. ६८,२५,८६,००० (अक्षरूपीः अठ्सठ्ठी करोड पच्चिस लाख छयासी हजार मात्र ।)** निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/०८३ का लागि लिखु तामाकोशी गाउँ कार्यपालिका, वडा कार्य समिति र विषयगत शाखाले गर्ने सेवा प्रवाह र कार्यहरूको निमित्त विनियोजन गरिएको छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँ कार्यपालिका, वडा कार्य समिति र विषयगत शाखाले गर्ने सेवा प्रवाह र कार्यहरूको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा कार्यपालिकाले बचत हुने शीर्षकबाट अपुग हुने शीर्षकमा सार्न सक्ने छ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको पच्चिस प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा भुक्तानी र खर्च जनाउन सकिने छ । पुजिंगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक चालु खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्थाअन्तर्गत साँवा भुक्तानी खर्च तर्फ

विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु र पुजिँगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको पच्चिस प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्ने छ ।

# अनुसूची १

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम

स्थानीय सञ्चित कोषबाट विनियोजन हुने रकम

**लिखु तामाकोशी गाउँपालिका आगामी आ.व. २०८२/०८३ का लागि स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले निर्धारण गरेको बजेटको सिलिङ २०८२**

| क्र.स. | आय तर्फ | | क्र.स. | व्यय तर्फ | | कैफियत |
|---|---|---|---|---|---|---|
| | **संघिय सरकारबाट प्राप्त अनुदान(क)** | **रकम** | | **शीर्षक** | **रकम** | |
| १ | वित्तिय समानीकरण अनुदान | १२२८००००० | १ | **चालु खर्च सबै (राजस्व बाडफाड)** | १०३२३१००० | |
| २ | सर्शत अनुदान | २३४५००००० | २ | **आर्थिक विकास** | १७२००००० | |
| ३ | विशेष अनुदान | ० | | कृषि विकास | ० | |
| ४ | राजस्व बाँडफाँड | ८१८२५२७२ | | पशुपञ्छी विकास | ० | |
| ५ | समपुरक अनुदान | ० | | उद्योग तथा बाणिज्य | ० | |
| | **जम्मा (क)** | **४३९१२५२७२** | | सहकारी तथा वित्तीय क्षेत्र | ० | |
| | **प्रदेश सरकारबाट प्राप्त अनुदान (ख)** | **रकम** | | पर्यटन विकास र प्रवर्धन | ० | |
| ६ | वित्तिय समानीकरण अनुदान | १२९५९००० | ३ | **सामाजिक विकास** | ४३६५९००० | |
| ७ | सशर्त अनुदान | २६७३६००० | | शिक्षा (शैक्षिक विकास) | ० | |
| ८ | विशेष अनुदान | ६५००००० | | जनस्वास्थ्य व्यवस्थापन | ० | |
| ९ | राजश्व बाँडफाँड | ३२८०२०६० | | खानेपानी तथा सरसफाई व्यवस्थापन | ० | |
| १० | समपुरक अनुदान | २५९००००० | | युवा तथा खेलकुद व्यवस्थापन | ० | |
| | **जम्मा(ख)** | **१०४८९७०६०** | | भाषा संस्कृति प्रबर्धन | ० | |
| | **आन्तरिक आय र अन्य निकायबाट प्राप्त (ग)** | **रकम** | | लैङ्गिक समानता र समावेशीकरण | ० | |
| ११ | विधुत रोयल्टी | ८०००००० | ४ | **पूर्वाधार विकास** | ३५३००००० | |
| १२ | आन्तरिक आय | ५०००००० | | सडक, पुल मर्मत तथा निर्माण | ० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | अघिल्लो बर्षको मौजाद | २००००००० | | खानेपानी,सिंचाई निर्माण तथा मर्मत | ० | |
| १४ | गत आ.व. को दायित्व सिर्जना हुने योजनाहरू | ६२५००००० | | भवन तथा नगर विकास | ० | |
| १५ | गैर सरकारी संस्थाबाट प्राप्त बजेट | ० | | उर्जा विकास | ० | |
| | **जम्मा (ग)** | ९५५००००० | ५ | **वन वातावरण तथा विपद् व्यवस्थापन** | ६०००००० | |
| | **कुल विनियोजन योग्य बजेट( स. अनुदान र मौजाद)** | **३४५८८६३३२** | | वन तथा भु संरक्षण | ० | |
| १६ | **संघीय सरकारबाट चालु आवको २०% समानीकरण अनुदान निकासा अनुमानित बाकी** | **४३०६३६६८** | | फोहोरमैला व्यवस्थापन | ० | |
| १७ | **कुल आय जम्मा** | **३८८९५००००** | | जल उत्पन्न प्रकृतिक प्रकोप नियन्त्रण | ० | |
| १८ | **संघीय शसर्त अनुदान** | २३४५००००० | | विपद् व्यवस्थापन | ० | |
| १९ | **प्रदेश शसर्त अनुदान** | २६७३६००० | ७ | **संस्थागत विकास सुशासन र सेवा प्रवाह** | १०३००००० | |
| २० | **प्रदेश विशेष अनुदान** | ६५००००० | | ऐन कानुन तर्जुमा र व्यवस्थापन | ० | |
| २१ | **प्रदेश समपुरक अनुदान** | २५९००००० | | संस्थागत विकास सुशासन र सेवा प्रवाह | ० | |
| | **कुल अनुमानित बजेट जम्मा** | **६८२५८६०००** | | सूचना व्यवस्थापन | ० | |
| | | | ८ | **बहुवर्षीय र गौरवका आयोजनाहरू र दायित्त्व सिर्जना हुने आयोजना सबै** | १०९५००००० | |
| | | | | धोबी गुम्बा निर्माण | ० | |
| | | | | गाउँपालिकाको प्रशासनिक भवन | ० | |
| | | | ९ | **समपुरक अनुदान (३०%)** | ७७६०००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | **१०** | **वडागत विनियोजन शीर्षक** | ० | |
| | | | | वडा न १को कार्यालय दुरागाउँ | ८०००००० | |
| | | | | वडा न २को कार्यालय सैपु | ८०००००० | |
| | | | | वडा न ३ को कार्यालय काङ्बा | ८०००००० | |
| | | | | वडा न ४ को कार्यालय बिजुलीकोट | ८०००००० | |
| | | | | वडा न ५को कार्यालय नागदह | ८०००००० | |
| | | | | वडा न ६ को कार्यालय खिम्ती | ८०००००० | |
| | | | | वडा न ७ को कार्यालय तिल्पुङ | ८०००००० | |
| | | | | **जम्मा** | **३८८९५००००** | |
| | | | | **जम्मा विनियोजित रकम रू** | **३८८९५००००** | |
| | | | **११** | **संघीय शसर्त अनुदान** | २३४५००००० | |
| | | | **१२** | **प्रदेश शसर्त  अनुदान** | २६७३६००० | |
| | | | **१३** | **प्रदेश विशेष अनुदान** | ६५००००० | |
| | | | **१४** | **प्रदेश समपुरक अनुदान** | २५९००००० | |
| | | | | **कुल जम्मा बजेट** | **६८२५८६०००** | |

लिखु तामाकोशी गाउँपालिका गाउँसभाको बैठकबाट मिति २०८२/०३/१० गते स्वीकृत यो ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ को उपदफा ८ बमोजिम प्रमाणित गर्दछू।

केशब महत
अध्यक्ष
मिति: २०८२/०३/१०